चितवन जिल्लाको माडीमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक बाखापालन तालिम सम्पन्न




काठमाण्डौ नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ कार्तिक २४ गतेदेखि २६ गतेसम्म चितवन जिल्लाको माडीमा **"ब्यवसायिक बाखापालन तालिम"** सम्पन्न गरेको संस्थाका माडी कार्यालयका शाखाप्रमुख श्री नबिन गुरुङले जानकारी गराएका थिए। यस तालिममा तीन बाहिरी विशेषज्ञ सहित शाखा प्रमुख श्री नबिन गुरुङ र क्षेत्रीय कार्यलय भरतपुरका कार्यक्रम अधिकृत श्री परमेश्वर चौधरी रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधिकृत श्री परमेश्वर चौधरीले बताएका थिए। तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको माडी शाखाका प्रमुख श्री नबिन गुरुङले प्रकाश पारेका थिए।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता, ब्यवसायीक साक्षरता र सचेतना मूलक

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.

कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ । संस्थाले २०७६ आश्विन मसान्तसम्ममा ३ लाख ६४ हजार ९ सय ३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ आश्विन मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब १३ करोड ६९ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ११ अरब ६५ करोड ०२ लाख बचत परिचालन गरेको छ ।



बाख्रापालन ब्यवसाय एक परिचय, स्थानीय र उन्नत बाख्रामा भिन्नता, बाख्रापालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा नेपालमा पालिने स्थानीय तथा उन्नत नश्लका बाख्राहरुको जातिय परिचय, बाख्रापालन विधि, उमेर अनुसार पाठापाठी, बाख्राबोकालाई भूँईको आवश्यकता तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, उमेर अनुसार बाख्रालाई आहारको आवश्यकता तथा आहाराका श्रोतहरु (भूँई घाँस, डाले घाँस, चरन क्षेत्र बारे जानकारीको साथै सन्तुलित दाना बनाउने विधि र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, प्रजननको लागि बाख्रा तथा बोकाको छनौट गर्ने तरिका, प्रजनन गराउने उमेर, स्वजातिय तथा प्रजातिय प्रजननबाट हुने फाईदा बेफाईदा बारे जानकारी, थारा, ब्याउने बाख्रा, पाठा र पाठी र ब्याएको माउको हेरचाह, खोर, दानापानी दिने भाँडाहरुको सरसफाईको साथै खसीपार्ने उमेर र तरिकाहरु बारे आवश्यक जानकारी, रोग तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाख्रामा लाग्ने पिपिआर रोग, टिम्पेनी, छेरौटी रोग, बाखाको छ मासे रोग, खोरेत रोग, रेविज रोगको

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

लक्षण, उपचार तथा रोकथामका उपाय बारे जानकारी, बाखामा हुने आन्तरीक र वाह्य परिजिविहरुको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाखापालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बाखापालनको स्किम, बचतको महत्व तथा संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेका शाखाका शाखाप्रमुखले बताएका थिए । व्यवसायिक रुपमा बाखापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी व्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका कार्यक्रम अधिकृत श्री परमेश्वर चौधरीले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा सहभागीहरु श्री राजकुमारी महतो, श्री कमला गौतम र श्री हिरा बरालीले मन्तब्य राखेका थिए । व्यवसायिक रुपमा बाखापालन गरि आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।



तालिमको उद्घाटन माडी नगरपालिका वडा. ३ का वडाध्यक्ष श्री पुरन महतो ज्यू बाट

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 




तालिमको उद्धेश्य तथा महत्व बारेमा सहभागीहरु लाइ बताउंदै शाखा प्रमुख नबिन गुरुङ




क्षेत्रिय कार्यालय भरतपुरका कार्यक्रम अधिकृत परमेश्वर चौधरी संस्थाले दिइ रहेको सेवाहरुको बारेमा बताउदै

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 



बाख्रापालन खोर अवलोकन भ्रमण




प्रमाणपत्र सहित कार्यक्रमको समापनमा सहभागी तथा प्रशिक्षकहरु

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 